# बैजनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालयको

# छात्रवृत्ति बैक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२

## बैजनाथ गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

रामपुर,बाँके

लुम्बिनी प्रदेश, नेपाल

# छात्रवृत्ति बैक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२

**प्रस्तावनाः**

बैजनाथ गाउँपालिका भित्रका विपन्न तथा गरिब समुदायका बालबालिकाहरुको न्यून आर्थिकस्तरका कारण सिकाइलाई निरन्तरता दिन असमर्थ भई विचैमा विद्यालय छोडने दरलाई न्यूनिकरण गर्दै शिक्षाको राष्ट्रिय पाठ्यक्रमले लिएका उदेश्य पुरा गर्न स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छात्रवृत्ति बैक सञ्चालन तथ व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ स्विकृत गरी लागु गरिएको छ ।

## परिच्छेद-१

## परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम 'छात्रवृत्ति बैक सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८२ ' रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) “गाउँपालिका” भन्नाले बैजनाथ गाउँपालिका सम्झनुपर्छ ।

(ख) “अध्यक्ष” भन्नाले बैजनाथ गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(ग) “उपाध्यक्ष” भन्नाले बैजनाथ गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बैजनाथ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) “शिक्षा प्रमुख” भन्नाले बैजनाथ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

(च) “प्राथमिक तह” भन्नाले कक्षा १–५ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

(छ) “नि.मा.वि.तह” भन्नाले कक्षा ६–८ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

(ज) “मा.वि.तह” भन्नाले कक्षा १–१० वा कक्षा १–१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

(झ) “वाल विकास शिक्षक ” भन्नाले  साविक जिल्ला शिक्षा कार्यालयबाट नियुक्ती लिई हाल सामुदायिक विद्यालयहरुमा पुर्व प्राथमिक तहमा कार्यरत शिक्षक सम्झनुपर्छ ।

(ञ) “प्रधानाध्यापक” भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ट) “उच्च शिक्षा” भन्नाले माध्यमिक तह भन्दा माथिल्लो तहको शिक्षालाई सम्झनुपर्दछ ।

(ठ) “कार्यपालिका” भन्नाले बैजनाथ गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ड) “शिक्षा समिति” भन्नाले बैजनाथ गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ढ) “दरबन्दी” भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्विकृत दरबन्दीलाई सम्झनुपर्छ ।

(ण) “शिक्षक” भन्नाले सामुदायिक विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(त) “प्रचलित कानुन” भन्नाले बैजनाथ गाउँपालिकाको शिक्षा ऐन २०७७, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षक सेवा आयोग नियमावली २०५७, नेपालको संविधान २०७२ लगायत नेपाल सरकारका अन्य ऐन नियम तथा कानुनलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

## छात्रवृत्ति प्रदान गरिने विषय र तह

२. यो कार्यविधि अन्तरगत कुनैपनि तहमा अध्ययनरत छात्र छात्राहरुलाई प्रदान गरिनेछ । छात्रवृत्ति वितरण गर्दा विनियोजित बजेटको सिमा र स्वीकृत आवेदनहरुको संख्याको आधारमा छात्रवृत्ति छनौट समितिको निर्णय अनुसार प्रदान गरिनेछ ।

## परिच्छेद-३

## छात्रवृत्तिको लागि आधारभूत मापदण्ड

**३. छात्रवृत्ति प्राप्त गर्न देहायको मापदण्ड वा योग्यता पुगेको हुनुपर्नेछ :**

(क) गाउँपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्ने ,

(ख) गरिब तथा विपन्न परिवारको हुनुपर्ने ,

(ग) सामुदायिक विद्यालयमा अध्ययनरत हुनुपर्ने,

(घ) विद्यालयको सिफारिस,

(ङ) सम्बन्धित विद्यार्थीको हस्तलिखित निवेदन,

## परिच्छेद-४

## छात्रवृत्ति सिफारिस समिति

**४.छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिका देहाय बमोजिमको छात्रवृत्ति सिफारिस समिति रहनेछ :**

क) गाउँ शिक्षा समिति अध्यक्ष – संयोजक

ख) शिक्षा शाखाको कर्मचारी – सदस्य

ग) शिक्षा प्रमुख – सदस्य सचिव

समितिको बैठकमा २ जना पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ । समितिको बैठक आवश्यकता अनुसार बस्न सकिनेछ ।

## परिच्छेद-५

## छात्रवृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार

५. छात्रवृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) छात्रवृत्तिको लागि प्राप्त निवेदनहरुको अध्ययन गर्ने,

(ख) उपयुक्त आवेदनहरुलाई स्वीकृत गरी सुचि तयार गर्ने,

(ग) आवेदनहरु माथि दावि बिरोध आएमा छानविन गर्ने,

(घ) गाउँपालिकाबाट तोके बमोजिम अन्य कार्य गर्ने ।

६. कार्यविधि संशोधन तथा खारेजी : यो कार्यविधि आवश्यकताको आधारमा संशोधन वा खारेजी गर्ने सम्पुर्ण अधिकार कार्यपालिकामा निहित हुनेछ ।